# राष्ट्रिय विपद् बुलेटिन

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

मासिक

अंकः २१ | २०८० पुस | नेपाल संवत् ११४४ थिंलाथ्व | December 2023 | Website: www.bipad.gov.np/np/


# 'क्षति तथा नोक्सानी कोष अनुमानित, सरलीकृत र पर्याप्त हुनुपर्छ'

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले क्षति तथा नोक्सानी कोष अल्पविकसित र हिमाली देशका लागि अनुमानित, सरलीकृत र पर्याप्त हुनुपर्ने बताउनुभएको छ ।

संयुक्त अरब इमिरेट्स (युएई)मा भएको जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय सम्मेलनको कन्फ्रेन्स अफ पार्टिज (कोप–२८) लाई सम्बोधन गर्दै उहाँले भन्नुभयो, 'हामीमाथि अन्यायका भएको छ । हाम्रा नागरिक बाढी पहिरो, डढेलो, हिमनदी विस्फोट, खडेरीजस्ता जलवायुजन्य संकटबाट नराम्ररी प्रभावित भएका छन् ।'

जलवायु परिवर्तनसम्बन्धी अन्तरसरकारी संयन्त्र (आईपीसीसी)ले दिएको प्रतिवेदनबाट आफूलाई सबैभन्दा बढी चिन्तित तुल्याएको उल्लेख गर्दै उहाँले जलवायु प्रेरित प्रकोपले हिमाली क्षेत्रमा कीर्तिमान तोडिरहेको बताउनुभयो ।

'हाम्रा हिमनदीका एक तिहाइ हिस्सा गुमाइसकेको र वैज्ञानिकहरुले यस शताब्दीको अन्त्यसम्म थप एक तिहाइ हिस्सा गुमाउने अवस्था आएको छ । यो हामी सबैका लागि चेतावनीको घण्टीसमेत हो', प्रधानमन्त्रीले भन्नुभयो ।

विश्वव्यापी रुपमा बढ्दो तापक्रमले नेपालका हिमाललाई यातना दिइरहेको उल्लेख गर्दै प्रधानमन्त्रीले भन्नुभयो, 'तिनीहरुलाई पहिले बचाउनुहोस्। हिमालय मानव सभ्यता, पारिस्थितिक प्रणाली र जैविक विविधताको जग भएकाले त्यसलाई जोगाउनैपर्छ । त्यसले विश्व समुदायको सेवा मात्र गरेको छैन, तल्लो तटीय क्षेत्रका मानिसका लागि जीविकाको प्रमुख स्रोतका रुपमा रहेको छ ।'

प्रधानमन्त्रीले नेपालमाथि भएको अन्याय अब रोकिनुपर्ने जोडदार धारणा राख्नभयो । संयुक्त राष्ट्र सङ्घका महासचिवले हालै गरेको नेपाल भ्रमणका क्रममा




समेत 'प्रकृति विरुद्धको युद्ध बन्द गर' भनी आफ्ना धारणा सार्वजनिक गरेको विषय पनि उल्लेख गर्नुभयो ।

उहाँले भन्नुभयो 'जलवायु परिवर्तन प्रकृति र मानवता विरुद्धको युद्ध हो । आफ्नो स्वार्थ पूरा गर्नका लागि हामी आफैँ र भावी पुस्तासँग समेत लडिरहेका छौं । म यहाँ मेरो निर्दोष मानिसका लागि जलवायु न्यायका लागि उभिएको छु जो यस प्रकोपबाट पूर्ण पीडित छन् ।'

नेपाल पेरिस सम्झौताप्रति पूर्ण प्रतिबद्ध रहेको र सन् २०४५ सम्ममा नेट शून्य हरितगृह ग्यास उत्सर्जनको लक्ष्य हासिल गर्न प्रतिबद्ध रहेको स्पष्ट पार्दै प्रधानमन्त्रीले यो विश्वव्यापी लक्ष्यभन्दा पाँच वर्ष अगाडि रहेको पनि स्मरण गराउनु भयो ।

प्रधानमन्त्रीले नेपालले स्वच्छ ऊर्जाका लागि जलविद्‌तको अधिकतम उपयोग गरेको तथा ४५ प्रतिशत भूक्षेत्रमा वनजंगल कायम गरेको यथार्थ विवरण राख्न भयो । जलवायु परिवर्तन अनुकूलन र न्यूनीकरण योजना कार्यान्वयन गर्ने हाम्रा प्रयासले गम्भीर वित्तीय र प्राविधिक जटिलता सामना गरिरहेको उल्लेख गर्नुभयो ।

विकसित देशले यसअघि जनाएको आफ्नो प्रतिबद्धता तत्काल पूरा गर्नुपर्ने र थप प्रतिज्ञा गर्नुपर्ने स्पष्ट पार्दै प्रधानमन्त्री प्रचण्डले सन् २०२५ सम्म जलवायु वित्तमार्फत् एक सय बिलियन डलरबराबरको सहयोग उपलब्ध गराउनुपर्ने र त्यसका सर्तहरु सरल हुनुपर्नेमा जोड दिनुभयो ।

प्रधानमन्त्री प्रचण्डले यस सङ्कटलाई सम्बोधन गर्न र न्यायका खातिर अनुदानको माग गर्नुभयो । उहाँले विश्वव्यापी उत्सर्जनमा नेपालको भूमिका शून्यप्रायः भए पनि जलवायु परिवर्तनको प्रत्यक्ष एवम् हानिकारक असर भोगिरहेको बताउनुयो ।

'जिएसटी रिपोर्टले सबैलाई स्पष्ट मार्गचित्र दिनैपर्ने, तत्कालै एकताबद्ध भएर काम गर्नुपर्ने दिशानिर्देश गरेको छ । हिमाल र जलवायु परिवर्तनका विषयमा सघन छलफल गरी एउटा निष्कर्षमा पुग्नैपर्ने अवस्था आइसकेको छ, प्रधानमन्त्रीले भन्नुभयो ।

कोप-२८ कै क्रममा प्रधानमन्त्री दाहालले 'द माउन्टेन्सः हु सेभ्स अस फ्रम द क्लाइमेट क्राइसिस (The mountains: Who saves us from the climate crisis ?' बिषयक उच्चस्तरीय गोलमेच बैठकको नेपालको तर्फबाट पहिलो पटक अध्यक्षता गर्नुभयो । त्यसक्रममा प्रधानमन्त्री दाहालले हिमाल, हिमाली पारिस्थिकी प्रणाली र हिमाली जनताको दिगो भविष्यको रक्षा गर्न विश्वका नेताहरूले मिलेर काम गर्नुपर्ने बताउनुभयो ।

उक्त बैठकलाई राष्ट्रसंघका महासचिव एन्टोनियो गुटरेसले विशेष सम्बोधन गर्नु भएको थियो । महासचिव गुटरेसले सम्बोधनका क्रममा केही साताअघि गरेको नेपाल भ्रमणको सुखद स्मरण गर्दै जलवायु परिवर्तनले नेपालका हिमालमा पारेको प्रभाव आफ्नै आँखाले देखेकोले हिमालहरूको संरक्षणमा राष्ट्रहरूले प्राथमिकताका साथ काम गर्नुपर्नेमा जोड दिनुभएको थियो ।

बैठकमा नेपालदेखि अन्टार्कटिकासम्म देखिएको

*बाँकी पृष्ठ ५ मा*

# कार्यकारी समितिद्वारा अस्थायी आवास अनुदान कार्यविधि सरलीकृत

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको २०औं बैठकले बैठकले 'भूकम्प प्रभावित घरपरिवारलाई अस्थायी आवास निर्माण अनुदान कार्यविधि, २०८०' लाई थप सरलीकृत गरेको छ ।

मंसिर १० गते माननीय उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठको अध्यक्षतामा बसेको बैठकले बैंकिङ्ग प्रणालीबाट हुनसक्ने विलम्ब घटाई अनुदान रकम सरल र सुलभ तरिकाले लाभग्राहीको हातमा पुग्ने कुरा सुनिश्चित गरेको हो ।

२०८० कार्तिक २६ गते पारित कार्यविधि कार्यान्वयनका क्रममा प्रभावित क्षेत्रका स्थानीय तहका प्रमुखसमेत जनप्रतिनिधिहरु, प्रमुख जिल्ला अधिकारीहरु लगायतबाट प्राप्त राय सुझावका आधारमा समितिले कार्यविधिमा



संशोधान गरेको हो ।

संशोधनले शीघ्र अस्थायी आवास निर्माण गर्ने कुरालाई सुनिश्चत गरी स्थानीय तहलाई थप सुद्ढ र जिम्मेवार बनाएको छ ।

बैठकले भूकम्पबाट क्षतिग्रस्त सार्वजनिक भवन तथा संरचनाहरु स्थायीरुपमा तयार नहुँदासम्म अस्थायी संरचना तयार गरी पठन-पाठन, स्वास्थ्य सेवा, सरसफाइ तथा खानेपानी सेवाका साथै जनतालाई आवश्यक पर्ने सबै सार्वजनिक सेवाहरु सुचारु गर्ने, गराउने सम्बन्धमा पनि आवश्यक निर्णय गरेको छ ।

त्यस्तै, राहत वितरण, पुनर्निर्माण र पुनर्स्थापनाका कार्यलाई प्रभावकारी बनाउन विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसँग सम्बन्धित विभिन्न समयमा तर्जुमा भएका कानूनमा विद्यमान प्रावधानलाई राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को व्यवस्थासँग एकरुपता हुने गरी आवश्यक संशोधन प्रकृया अगाडि बढाउने निर्णय पनि बैठकले गरेको छ ।

# रुकुम पश्चिमको निरीक्षण भ्रमणमा जे देखियो

**रीना चौधरी**

भूकम्प प्रभावित घरपरिवारलाई त्रिपालमुनीको बसाईबाट अस्थायी टहरामा सार्नको लागि प्राधिकरणमार्फत् सरकारले अनुदान दिने व्यवस्था गरेको छ । सो अनुदान रकम वितरणका लागि भूकम्प प्रभावित घरपरिवारलाई अस्थायी आवास निर्माणका लागि अनुदान कार्यविधि, २०८० कार्यान्वयनमा छ । उक्त कार्यविधि कार्यान्वयन तथा जिल्ला र पालिकास्तरमा यस सम्बन्धी सहजीकरणको लागि यस प्राधिकरणबाट रुकुम पश्चिम जिल्लामा मिति मंसिर ७ देखि मंसिर २८ सम्म निरीक्षण टोलीहरु खटाइएको थियो। पंक्तिकारले रुकुम पश्चिम जिल्लामा रही स्थलगत निरीक्षण, अवलोकन तथा अन्तरक्रिया गर्ने मौका पाएको थियो ।





### विभिन्न तहका अधिकारीसँग छलफल

हामीले सबैभन्दा पहिले कर्णाली प्रदेशका प्रदेश सचिव विष्णु प्रसाद कोइरालासँग भूकम्प प्रभावितका लागि गर्नुपर्ने आवश्यक कार्य सम्बन्धी निर्णयको कार्यान्वयन सम्बन्धमा सुर्खेतमा छलफल गर्यौं । मंसिर ९ गते आठबिसकोट नगरपालिका-१४ को छेपारे र सानीभेरी गाउँपालिका-१ चाइना बगरमा स्थलगत निरीक्षण गर्यौं । त्यहाँ स्थानीय वडाबाट लगत संकलन भएको थियो । मुचुल्का उठाउन बाँकी थियो । सो कार्य दुई दिनभित्र सम्पन्न गर्ने जानकारी वडाध्यक्षबाट प्राप्त भयो । चाइना बगरमा कर्मचारीको अभाव भई आवश्यक प्रक्रिया पूरा गर्न अझै केही दिन लाग्ने जानकारी पूर्व वडाध्यक्षबाट प्राप्त भयो । हामीले प्रक्रियालाई छिटो छरितो गर्न कर्मचारीको आवश्यकता भएको प्राधिकरणमा रिपोर्टिङ गर्यौं ।

निरीक्षणका क्रममा अनुदानका लागि पूरा गर्नुपर्ने प्रकृयाका लागि प्रत्येक वडामा सहायता कक्ष राख्ने र उक्त कक्षमा आवश्यक जनशक्तिको विषयमा रेडक्रससँग छलफल गर्यौं । लाभग्राहीहरुको सूची स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिबाट यथाशक्य चाँडो जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिमा पठाउन निरन्तर रुपमा फोन ताकेता गरी आवश्यक समन्वय र सहजीकरण गरियो ।

मंसिर १० गते रुकुम पश्चिमका प्रमुख जिल्ला अधिकारी हरि प्रसाद पन्तको अध्यक्षतामा जिल्लास्थित बैंक तथा वित्तीय संस्थाहरुसँग प्रभावित लाभग्राहीको बैंक खातामा अनुदान रकम पठाउने सम्बन्धमा आयोजित समन्वयात्मक बैठकमा सहभागी हुने अवसर प्राप्त भयो । हामी रुकुम पश्चिम पुग्दा सबै स्थानीय तहले स्थलगत मुचुल्का बनाउने कार्य गरिरहेका र भूकम्प प्रभावितले अनुदानका लागि निवेदन दिंदा आवश्यक पर्ने फारामहरुको छपाई अन्तिम चरणमा पुर्याएका थिए ।

मंसिर ९ गते आठबीसकोटका पूर्व प्रमुखसँग छलफल गर्दा लाभग्राहीको विवरण अभिलेखीकरणका लागि वडास्तरमा रहेर काम गर्न कम्प्युटर अपरेटर उपलब्ध गराउँदा उपयुक्त हुने जानकारी पाइयो । साथै, दोस्रो किस्ता निकासाको लागि अस्थायी आवास निर्माण भइरहेको छ भनी सिफारिस गर्नका लागि स्थानीय तहमा प्राविधिक जनशक्ति (इन्जिनियर) उपलब्ध गराउँदा उपयुक्त हुने पनि थाहा पाइयो ।

### कार्यसम्पादनमा सहजीकरण

स्थलगत अवलोकन तथा निरीक्षण, प्रमुख जिल्ला अधिकारी र सहायक प्रमुख जिल्ला अधिकारी एवं पूर्व नगरप्रमुखसँगको छलफलबाट आधारमा लाभग्राही पहिचान गरी वास्तविक लाभग्राहीको विवरण तयार गर्न वडा स्तरमा उपयुक्त जनशक्ति व्यवस्था भएमा प्रभावितलाई समयमा नै अनुदान प्राप्त हुने पनि देखियो ।

स्थलगत अवलोकनका क्रममा राष्ट्रिय सभा, राष्ट्रिय सरोकार तथा समन्वय समितिका सभापति माननीय दिलकुमारी रावलज्यूको विशेष उपस्थितिमा र रुकुम पश्चिम जिल्लाका प्र.जि.अ. हरि प्रसाद पन्तको अध्यक्षतामा बसेको बैठकमा सहभागी भई पुनर्स्थापना र क्षति भएका संरचनाहरुको पुनर्निमाण लगायत समग्र विपद् व्यवस्थापनका विषयमा छलफल भयो ।

अवलोकनकै क्रममा रुकुम पश्चिमस्थित Cluster Leads हरुलाई भूकम्पबाट भएको क्षतिको विवरण र सोसँग सम्बन्धित कार्यको प्रगति विवरण यथाशीघ्र उपलब्ध गराउन पहल गरियो । त्यस्तै, प्रत्येक स्थानीय तहबाट भूकम्प प्रभावित संकटासन्न समूहको तथ्यांक उपलब्ध गराउनका लागि ताकेता पनि गरियो ।

अवलोकनको नवौं दिन जिल्ला प्रशासन कार्यालयमा प्रमुख जिल्ला अधिकारीको उपस्थितिमा राष्ट्रिय अपांग महासंघ रुकुम पश्चिमसँग बैठक बसी अपांगताको तथ्यांक संकलन तथा भूकम्प पश्चात उनीहरुको आवश्यकता पहिचान सम्बन्धी छलफल गरियो। त्यस्तै, सानीभेरी गाउँपालिका वडा नं ०४ का वृद्धवृद्धा तथा महिलासँग अन्तरक्रिया गरी उहाँहरुको आवश्यकता बुझियो ।

अनुदान रकम स्थानीय तहमा जान थालेपछि स्थानीय बैंकमा खाता खोल्ने लाभग्राहीको घुइँचो बढेको देखिएको थियो भने केही स्थानमा सम्झौता अनुसूची भर्ने लाभग्राहीको घुइँचो नै देखिन्थ्यो।

### जोखिम वर्गलाई विशेष ध्यान

जाजरकोट भूकम्पले रुकुम पश्चिम जिल्लामा मृत्यु भएका ५३ जनामध्ये ९ महिला, ८ पुरुष, १५ बालक, १५ बालिका र ३/३ जना गरी महिला र पुरुष ज्येष्ठ नागरिकहरु रहेका छन्। रुकुम पश्चिम जिल्लाको ६ वटै स्थानीय तहबाट प्राप्त तथ्याङ्क अनुसार जाजरकोट भुकम्पले जिल्लामा ८८०९ वृद्धवृद्धा, १४६९ सुत्केरी, १६८८ गर्भवती, ८८५४ बालबालिका, १२७३ अपाङ्गता भएका व्यक्ति, ११७४ जना दीर्घरोगी र ५७३० विपन्न परिवार प्रभावित भएका छन् ।

आठबिसकोट नगरपालिकामा मात्रै १५८४ वृद्धवद्धाहरु प्रभावित भएका छन् । यी जोखिम वर्ग भूकम्पपछि त्रिपाल मुनी बसिरहेको अवस्था थियो । त्रिपालको बासका कारण शौचालय तथा सरसफाईको अभाव रहेको थियो भने बढ्दै गएको चिसोको कारणले स्वास्थ्यमा समेत थप जोखिम बढ्ने सम्भावना देखिएको थियो । यस जिल्लामा प्राय सुत्केरी कम उमेरका रहेको पाइयो । केही सुत्केरी महिलाले सन्तुलित आहारको कमी र रातीमा अनिद्राको समस्या रहेको बताउनुभयो । यस लगायत विभिन्न कारणले स्तनपानको क्षमता घटेको पनि जानकारी दिनुभयो ।

यस जिल्लाका प्राय: पुरुष जागिरका लागि विदेशमा

*बाँकी पृष्ठ ३ मा*

# भूकम्पबाट भएको क्षति आँकलन गर्न कार्यदल



जाजरकोट, बझाङ तथा डोटी भूकम्पबाट निजी तथा सार्वजनिक भवन एवं संरचनामा भएको क्षतिको द्रुत क्षति एवं आवश्यकता मूल्यांकन तथा ती भूकम्पले निजी आवास एवं सार्वजनिक संरचनामा पुर्याएको क्षतिको विस्तृत क्षति आँकलनका लागि आवश्यक कार्य गर्न गठित कार्यदलहरुको अलग अलग बैठक मंसिर १९ गते सम्पन्न भएका छन् ।

जाजरकोट, बझाङ तथा डोटी भूकम्पबाट भएको क्षतिको द्रुत क्षति एवं आवश्यकता मूल्यांकनका लागि गठित कार्यटोलीको पहिलो बैठक सम्पन्न भएको छ । बैठकले कार्यटोलीको कार्य विवरण, समय तालिका एवं प्रतिवेदनको ढाँचा आदिमा छलफल गरेको छ । बैठकले तीन हप्ताभित्र अन्तिम प्रतिवेदन तयार गर्ने गरी समय तालिका निर्धारण गरेको छ ।

द्रुत क्षति एवं आवश्यकता मूल्यांकनको आवश्यक कार्य गर्न प्राधिकरणका सहसचिव भरत मणी पाण्डेको संयोजकत्वमा संघीय मन्त्रालय एवं निकायका साथै कर्णाली र सुदूर पश्चिम प्रदेशका मुख्यमन्त्री एवं मन्त्रीपरिषद् कार्यालयका उपसचिवस्तरका प्रतिनिधि रहेको १८ सदस्यीय कार्यटोली गठन भएको छ ।

त्यसैगरी, ती भूकम्पहरुले निजी आवास एवं सार्वजनिक संरचनाहरुमा पुर्याएको क्षतिको 'विस्तृत क्षति आँकलन (Detailed Damage Assesment)' गर्न आवश्यक कार्यका लागि गठित कार्यटोलीको बैठक पनि आजै सम्पन्न भएको छ । बैठकमा सर्भेक्षणका लागि तयार प्रश्नावली, सोही प्रयोजनका लागि तयार गरिएको मोबाइल एप्सबारे छलफल भयो ।

विस्तृत क्षति आँकलनका लागि आवश्यक कार्य गर्न प्राधिकरणका प्राविधिक सहसचिव रामेश्वर मरहट्टाको संयोजकत्वमा संघीय मन्त्रालय एवं निकायका साथै कर्णाली र सुदूर पश्चिम प्रदेशका मुख्यमन्त्री एवं मन्त्रीपरिषद् कार्यालयका उपसचिवस्तरका प्रतिनिधि रहेको १० सदस्यीय कार्यटोली गठन भएको छ ।

यी दुवै बैठकमा नेपालमा पुनर्निर्माण तथा पुनर्स्थापना क्षेत्रमा सहयोग गरिरहेका विकास साझेदार संस्थाका प्रतिनिधिहरुलाई पनि आमन्त्रण गरिएको थियो । माननीय उपप्रधान मन्त्री एवम् गृह मन्त्री नारायणकाजी श्रेष्ठले मंसिर १७ गते आइतबार यी कार्यटोली गठनको निर्णय गर्नुभएको हो ।

## रुकुम पश्चिमको .....

रहेको र गाउँमा महिला, बालबालिका र वृद्धवृद्धा मात्र रहेको पाइयो। त्यसैले सरकारले अनुदान रकम व्यक्तिको खातामा पठाए पनि अस्थायी आवास निर्माण गर्न स्वयंसेवकको आवश्यकता रहेको देखियो । यी वर्गहरुलाई प्राथमिकतामा राख्दै नेपाल सरकारले अस्थायी आवास निर्माणको लागि सुरक्षा निकायलाई परिचालन गरेको छ । स्थलगत निरीक्षणको दिनसम्म सुरक्षा निकायबाट कुल ७५ जना स्वयंसेवक परिचालन भइसकेका थिए ।

### आगामी दिनका लागि सिकाइ

पालिकाहरुसँग लक्षित वर्गहरुको सही तथ्याङ्क नभएकोले राहत सामाग्रीहरु आवश्यकतानुसार पुग्न नसकेको देखिएकोले सबै पालिकाले लक्षित वर्ग तथा तिनका आवश्यकताको को तथ्यांक लिने र आवाधिक अद्यावधिक गर्ने काम गर्नु उपयुक्त हुने देखिन्छ ।

पहिचान भइसकेका लाभग्राहीको सूची तयार गर्न, तथ्याङ्क मिलाउन एवं मुचुल्का तयार गर्न वडा तथा पालिकामा प्राविधिक जनशक्तिको अभाव रहने भएकोले ठूला विपद्लगत्तै यस्ता कार्यका लागि थप जनशक्ति परिचालन गरिहाल्नु बान्छनीय देखिन्छ । यसका लागि स्वयंसेवक तयार गर्ने र आवश्यकता परेका बेला परिचालन गर्न सके मद्दतयोग्य हुने देखियो ।

अधिकांश लाभग्राहीसँग बैंक खाता नरहेकोले हुँदा अनुदान रकम स्थानीय तहसम्म पुग्दा पनि लाभग्राहीले पाउन कठीन देखिएकोले देशैभरि एक परिवारको कमसेकम एउटा खाता खोल्ने अभियान नै संचालन गर्ने र नागरिकलाई बैंकिङ प्रणालीप्रति प्रोत्साहन गर्न उपयुक्त हुने पनि देखियो ।

लाभग्राहीका बैंक खातामा अनुदान रकम गए पनि पुरुष सदस्यहरु घरमा नरहुँदा अस्थायी आवास निर्माणमा ढिलाई भएको देखिएकोले यसका लागि पनि स्वयंसेवक परिचालनलाई प्राथमिकता दिइनु पर्ने देखिन्छ । विभिन्न संघसंस्था, राजनीतिक दल आदिले परिलाचन गरेका स्वयंसेवकलाई व्यवस्थित ढंगले परिचालन गर्नुपर्ने आवश्यकता पनि देखियो ।

(चौधरी प्राधिकरणमा वातावरण निरीक्षक हुनुहुन्छ ।)



# विपद्को तथ्य तथ्यांक

## २०८०-०१-०१ देखि २०८०-०८-३० सम्म

| घटना संख्या | मृत्यु | बेपत्ता | घाइते | प्रभावित परिवार | पशु चौपाया क्षति | घर क्षति: पूर्ण | घर क्षति: आंशिक |
|---|---|---|---|---|---|---|---|
| ३८६४ | ४०५ | ३१ | १२०८ | ७७७१० | २४४१ | २७५३९ | ३९८०५ |

**अनुमानित क्षति (रु.)**

**४,३९,३७,६३,६१७**

## २०८० मंसिरको संक्षिप्त विवरण

*२०८०-०८-०१ देखि २०८०-०८-३० सम्म*

| घटना संख्या | मृत्यु | बेपत्ता | घाइते | प्रभावित परिवार | पशु चौपाया क्षति | घर क्षति: पूर्ण | घर क्षति: आंशिक |
|---|---|---|---|---|---|---|---|
| ३८८ | २४ | ० | ६० | ५०७ | ५३ | ५० | ५५ |

**अनुमानित क्षति (रु.)**

**१९,२८,६५,०५०**

## २०८० मंसिरमा घटना अनुसारको क्षतिको विवरण

*२०८०-०८-०१ देखि २०८०-०८-३० सम्म*

**आगलागी**
घटना संख्या: ३३०
मृत्यु: १५
बेपत्ता: ०
घाइते: ३२

**जनावर आक्रमण**
घटना संख्या: ४४
मृत्यु: ७
बेपत्ता: ०
घाइते: २४

**पहिरो**
घटना संख्या: ३
मृत्यु: ०
बेपत्ता: ०
घाइते: ०

**वन डढेलो**
घटना संख्या: ५
मृत्यु: ०
बेपत्ता: ०
घाइते: ०

**लेक लाग्नु**
घटना संख्या: ५
मृत्यु: १
बेपत्ता: ०
घाइते: ४

**ढुंगा पल्टेर**
घटना संख्या: १
मृत्यु: १
बेपत्ता: ०
घाइते: २

*स्रोतः http://www.bipadportal.gov.np/*

# अस्थायी आवास अनुदानका लागि १ अर्ब ४१ करोड निकासा

भूकम्प प्रभावितका लागि अस्थायी आवास बनाउन प्रभावित पाँच जिल्लामा गरी १ अर्ब ४१ करोड रुपैंया सम्बन्धित जिल्लामा पठाइएको छ।

कार्यकारी समितिबाट २०८० कार्तिक २६ गते पारित "भूकम्पबाट प्रभावित घरपरिवारलाई

जाजरकोट - ५० करोड
रुकुम पश्चिम - ५० करोड
बझाङ- २५ करोड
बाजुरा - १४ करोड
सल्यान - २ करोड

अस्थायी आवास निर्माण अनुदान कार्यविधि, २०८०" क्रियाशील भएसँगै मंसिर ४ गते जाजरकोट, रुकुम पश्चिम, बझाङ्ग, बाजुरा र सल्यानमा उक्त रकम पठाइएको हो।

कार्यविधिअनुसार भूकम्पबाट प्रभावित परिवारलाई पहिलो किस्तावापत २५ हजार र छानो छाउने तहसम्म पुगेपछि वा घर निर्माण सम्पन्न भएपछि बाँकी २५ हजार गरी जम्मा ५० हजार उपलब्ध हुन्छ।

भूकम्पका कारण निजी आवास पूर्ण रूपले क्षति भएका वा आंशिक क्षति भएता पनि बसोवास गर्न योग्य नरहेका घरपरिवारले यस्तो अनुदान रकम पाउनेछन्। कार्यविधिमा उल्लिखित कागजातसहित निवेदन दिने लाभग्राहीको बैंक खातामा अनुदान रकम जानेछ।

कार्यविधि अनुसार सबैभन्दा पहिले अस्थायी आवास निर्माणका लागि जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति रुकुम पश्चिमले मंसिर १२ गते त्रिवेणी गाउँपालिकाका ६४ लाभग्राहीलाई प्रति परिवार २५ हजारका दरले पहिलो किस्ता वापत १६ लाख रुपैयाँ उक्त पालिकाको विपद् कोषमा जम्मा गरेको छ।

त्रिवेणी गाउँपालिकाले रकम प्राप्त भएको भोलिपल्ट अर्थात् मंसिर १३ गतेबाट अनुदान रकम वितरण थालेको छ।

## क्षति तथा नोक्सानी .......




जलवायु परिवर्तनको असर र मानव जीवनमा यसले पारेको नकारात्मक प्रभावबारे आइसिसिआई, इसिमोड लगायतका अन्तर्राष्ट्रिय संघ-संस्थासँग आवद्ध विषय विज्ञद्वारा प्रस्तुतिकरण गरिएको थियो भने विश्व खाद्य कार्यक्रमका महानिर्देशक डा. क्यू डोङ्ग्युले जलवायु परिवर्तनका कारण कृषि तथा खाद्य प्रणालीमा पारेको प्रभावबारे चर्चा गर्नुभएको थियो।

साथै प्रधानमन्त्री दाहालले संयुक्त राष्ट्र संघ अन्तर्गतका संघ-संस्थाहरू WMO, UNDRR, ITU, IFRC ले आयोजना गरेको विपदबाट पर्न सक्ने जोखिमको पूर्व जानकारीमा सबैको पहुँच (Delivering Early Warnings for All) विषयमा नेपालको तर्फबाट मन्तव्य राख्नभयो।

संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटरेस समेत सहभागी हुनुभएको उक्त कार्यक्रममा प्रधानमन्त्री दाहालले नेपाल लगायत अति कम विकसित मुलुकहरूमा जलवायु परिवर्तनका कारण सिर्जित समस्या सम्बोधन गर्न साधन स्रोत र प्रविधिको अभाव भएको हुँदा साधन स्रोतका लागि अन्तर्राष्ट्रिय समुदायलाई अपिल गर्नुभयो।

प्रधानमन्त्री दाहालले उक्त महत्त्वपूर्ण पहलमा नेपाललाई प्राथमिकता प्राप्त मुलुकको सूचीमा समावेश गराइएकोमा राष्ट्रसंघका महासचिव गुटरेसलाई धन्यवाद पनि दिनुभयो।

# बैठक तथा छलफल

१ 'भूकम्पबाट प्रभावित घर परिवारलाई अस्थायी आवास निर्माण अनुदान कार्यविधि, २०८०' कार्यान्वयनमा देखिएका समस्या र सुझाव, रकम निकासामा देखिएका समस्या र सुझाव, अस्थायी आवास निर्माणका लागि आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन, स्वयंसेवकहरूको परिचालन लगायतका विषयमा अन्तरक्रिया एवं छलफल भएको छ।



मंसिर ६ गते भूकम्प प्रभावित जाजरकोट, रुकुम पश्चिम, सल्यान, बझाङ, बाजुराका पालिका प्रमुख/अध्यक्ष, उपप्रमुख/उपाध्यक्ष, प्रमुख जिल्ला अधिकारी, विपद् सम्पर्क व्यक्तिहरुसँग भर्चुअल माध्यमबाट अन्तरक्रिया भएको हो।

२ प्राधिकरणका पदाधिकारीहरुले जाजरकोट भूकम्पबाट क्षतिग्रस्त भएका विद्यालयका विद्यार्थीका लागि अस्थायी सिकाइ केन्द्र निर्माण, पाठ्यपुस्तकको व्यवस्था, शौचालय तथा खानेपानीको प्रबन्धका साथै क्षतिग्रस्त स्वास्थ्य संस्थाबाट स्वास्थ्य सेवा निरन्तरताका लागि अस्थायी संरचना निर्माण, कुनै स्वास्थ्यजन्य प्रकोपको खतरा लगायतका विषयमा सरोकारवाला निकाय एवं यस क्षेत्रमा काम गरिरहेका संस्थाका प्रतिनिधिहरुसँग मंसिर ७ गते छलफल गर्नुभएको छ।

३ 'भूकम्पबाट प्रभावित घर परिवारलाई अस्थायी आवास निर्माण अनुदान कार्यविधि, २०८०' का प्रावधान एवं यस कार्यविधिअनुसार घरबारविहीनका लागि अस्थायी आवास निर्माण तथा व्यवस्थापनमा सम्बन्धित निकायबाट गरिएको अपेक्षाहरुबारे जानकारी गराउने उद्देश्यले प्राधिकरणका पदाधिकारीले मंसिर ७ गते नेपाल बैंकर्स एसोसियसन, नेपाल चेम्बर अफ कमर्स, नेपाल उद्योग बाणिज्य महासंघ एवं राष्ट्रिय एवं अन्तर्राष्ट्रिय महासंघका प्रतिनिधिहरुसँग छलफल तथा अन्तरक्रिया गर्नुभएको छ।

४ जाजरकोट भूकम्पबाट प्रभावितका लागि थप राहत सामग्री जोहो गर्ने र अस्थायी आवास निर्माणमा सहयोग जुटाउने बारे प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेल र अन्य अधिकारीले International Federation of Red Cross and Red Crescent Societies (IFRC) का नेपाल प्रमुख अजमत उल्लासँग मंसिर ६ गते छलफल गर्नुभयो।

५ विपद्का ठूला घटना हुँदा आपतकालीन सूचना संचार गर्ने प्रयोजनका लागि तयार जापानी उपग्रह प्रणाली Quasi Zenith Satellite System (QZSS) को नेपालजस्ता देशका लागि उपयोगिता, सन्देशको तयारी एवं त्यसलाई उपग्रह हुँदै विपद्ग्रस्त क्षेत्रसम्म संचार गर्ने प्रणाली, अन्य संचार उपग्रह र यस प्रणालीबीच फरकबारे प्राधिकरणलाई जापानी विज्ञहरुले जानकारी गराउनु भएको छ।

जापानको क्याविनेट अफिस (Secretariat of the Cabinet Office Japan) का नोमिया मासातोको नेतृत्वमा आएको जापानी विज्ञको टोलीले यस प्रणालीबाट सन्देश जापानको मिचिबिकी (Michibiki) उपग्रहसम्म पठाउन र उक्त सन्देश पुन: प्राप्त गर्ने विधिको प्रदर्शन पनि गर्नुभएको थियो।

## भूकम्प प्रभावित क्षेत्रमा प्राधिकरणको टोली



"भुकम्प प्रभावित घरपरिवारलाई अस्थायी आवास निर्माण अनुदान कार्यविधि, २०८०" को कार्यान्वयन सम्बन्धमा समन्वय एवं सहजीकरण गर्न प्राधिकरणको दुईवटा टोली जाजरकोट र रुकुम पश्चिम पुगेको छ।

उपसचिव गोमा चेमजोङ नेतृत्वको टोली रुकुम पश्चिम र उपसचिव प्रकाश चन्द्र अधिकारीको टोली जाजरकोट पुगेको हो।

टोलीले दुवै जिल्लाका प्रमुख जिल्ला अधिकारी, स्थानीय तहका जनप्रतिनिधि, सुरक्षा निकायका जिल्ला प्रमुख, जिल्लास्थित बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिहरुसँग कार्यविधि कार्यान्वयनबारे छलफल गर्यो।

साथै टोलीले भूकम्प प्रभावित विभिन्न स्थानीय तहमा पुगेर स्थलगत निरीक्षण तथा भूकम्प प्रभावितसँग छलफल पनि गरेको छ।

## आपतकालीन सम्पर्क नम्बरहरु

| क्रं. सं. | प्रदेश | जिल्ला | प्रमुख जिल्ला अधिकारी | नेपाल प्रहरी | सशस्त्र प्रहरी बल |
|---|---|---|---|---|---|
| १ | प्रदेश नं. १ | भोजपुर | ९८५२०१७७७७ | ९८५२०-१५५५५ | ९८५१२७२२४५ |
| २ | प्रदेश नं. १ | धनकुटा | ९८५२०३७७७७ | ०२६-५२०१५५ | ९८५१२७२२४६ |
| ३ | प्रदेश नं. १ | इलाम | ९८५२६०७७७७ | ०२७-५२००२४ | ९८५१२७२२४२ |
| ४ | प्रदेश नं. १ | झापा | ९८५२६१७७७७ | ०२३-४५५०८५ | ९८५१२७२१२५ |
| ५ | प्रदेश नं. १ | खोटाङ | ९८५२८०७७७७ | ०३६-४२०१२१ | ९८५१२७२२४७ |
| ६ | प्रदेश नं. १ | मोरङ | ९८५२०५७७७७ | ०२१-५२५३०१ | ९८५१२७२१३६ |
| ७ | प्रदेश नं. १ | ओखलढुंगा | ९८५२८७७७७७ | ०३७-५२०१७५ | ०३७-५२०६४२ |
| ८ | प्रदेश नं. १ | पांचथर | ९८५२६२७७७७ | ०२४-५२०१९९ | ९८५१२७२२४० |
| ९ | प्रदेश नं. १ | संखुवासभा | ९८५२०७७७७७ | ०२९-५६०१९९ | ९८५१२७२२५४ |
| १० | प्रदेश नं. १ | सोलुखुम्बू | ९८५२८२७७७७ | ०३८-५२०२५० | ९८५१२७२०३९ |
| ११ | प्रदेश नं. १ | सुनसरी | ९८५२०८७७७७ | ०२५-५६०७२८ | ९८५२०६३२०१ |
| १२ | प्रदेश नं. १ | ताप्लेजुंग | ९८५२६३७७७७ | ०२४-४६०१९९ | ९८५१२७२२४१ |
| १३ | प्रदेश नं. १ | तेह्रथुम | ९८५२०९७७७७ | ०२६-४२०१२९ | ९८५१२७२२६२ |
| १४ | प्रदेश नं. १ | उदयपुर | ९८५२८१७७७७ | ०३५-४२०२१५ | ९८५१२७२२७२ |
| १५ | मधेश | पर्सा | ९८५५०७७७७७ | ०५१-५२२२५१ | ९८५१२७२१३२ |
| १६ | मधेश | बारा | ९८५५००७७७७ | ०५३-५५०३९९ | ९८५१२७२१५१ |
| १७ | मधेश | रौतहट | ९८५५०३७७७७ | ०५५-५२०१७७ | ९८५१२७२१३० |
| १८ | मधेश | सर्लाही | ९८५४०७७७७७ | ०४६-५२०८६६ | ९८५१२७२१२९ |
| १९ | मधेश | धनुषा | ९८५४००७७७७ | ०४१-५२६०९९ | ९८५१२७२१२७ |
| २० | मधेश | सिराहा | ९८५२८३७७७७ | ०३३-५२०००५ | ९८५१२७२१२६ |
| २१ | मधेश | महोत्तरी | ९८५४०२७७७७ | ०४४-५२०००९ | ९८५१२७२१२८ |
| २२ | मधेश | सप्तरी | ९८५२८५७७७७ | ०३१-५२१६१३ | ९८५१२७२१४३ |
| २३ | बागमती | सिन्धुली | ९८५४०६७७७७ | ०४७-५२०५५५ | ९८५१२७२६०२ |
| २४ | बागमती | रामेछाप | ९८५४०५७७७७ | ०४८-५४००९९ | ९८५१२७२५५६ |
| २५ | बागमती | दोलखा | ९८५४०१७७७७ | ०४९-४२१३३३ | ९८५१२७२५३७ |
| २६ | बागमती | भक्तपुर | ९८५१२१७७७७ | ०१- ६६१४८२१ | ९८५१२७२०६७ |
| २७ | बागमती | धादिङ | ९८५१२४७७७७ | ०१०-५२०२७९ | ९८५१२७२४९१ |
| २८ | बागमती | काठमाडौँ | ९८५१२०७७७७ | ०१-४२६१८४३ | ९८५१२७२०६८ |
| २९ | बागमती | काभ्रेपलान्चोक | ९८५१२३७७७७ | ०११-४९०२३० | ९८५१२७२०७५ |
| ३० | बागमती | ललितपुर | ९८५१२२७७७७ | ०६६-५५२१२०७ | ९८५१२७२०६६ |
| ३१ | बागमती | नुवाकोट | ९८५११४७७७७ | ०१०-५६०३९९ | ९८५१२७२५३५ |
| ३२ | बागमती | रसुवा | ९८५१२७७७७७ | ०१०-५४०२०० | ९८५१२७२२७५ |
| ३३ | बागमती | सिन्धुपाल्चोक | ९८५१२५७७७७ | ०११-६२००८८ | ९८५१२७२६०२ |
| ३४ | बागमती | चितवन | ९८५५०१७७७७ | ०५६-५२०९९९ | ९८५१२७२१३४ |
| ३५ | बागमती | मकवानपुर | ९८५५०२७७७७ | ०५७-५२३८११ | ९८५१२७२५३२ |
| ३६ | गण्डकी | बागलुङ | ९८५७६०७७७७ | ०६८-५२०२१९ | ९८५७६६८७०० |
| ३७ | गण्डकी | गोरखा | ९८५६०५७७७७ | ०६४-४२०२३७ | ९८५१२७२२७१ |
| ३८ | गण्डकी | कास्की | ९८५६००७७७७ | ०६१-५२००३३५ | ९८५१२७२०८० |
| ३९ | गण्डकी | लमजुङ | ९८५६०१७७७७ | ०६६-५२०१९८ | ९८५१२७२६१५ |
| ४० | गण्डकी | मनाङ | ९८५६०३७७७७ | ०६६-४४०१९९ | ९८५१२७२५२१ |
| ४१ | गण्डकी | मुस्ताङ | ९८५७६३७७७७ | ०६९-४४००९९ | ९८५१२७२४७४ |
| ४२ | गण्डकी | म्याग्दी | ९८५७६२७७७७ | ०६९-५२०२७५ | ९८५१२७२५९० |
| ४३ | गण्डकी | नवलपुर | ९८५७०८७७७७ | ०७८-५४०१०० | ९८५१२७२५१६ |
| ४४ | गण्डकी | पर्वत | ९८५७६१७७७७ | ०६७-४२०२६२ | ९८५१२७२०७९ |
| ४५ | गण्डकी | स्याङजा | ९८५६०४७७७७ | ०६३-४२०२८४ | ९८५१२७२५१८ |
| ४६ | गण्डकी | तनहुँ | ९८५६०६७७७७ | ०६५–५६०१९९ | ९८५१२७२०९९ |
| ४७ | लुम्बिनी | कपिलवस्तु | ९८५७०३७७७७ | ०७६-५६०४६५ | ९८५१२७२१३७ |
| ४८ | लुम्बिनी | परासी | ९८५७०४७७७७ | ९८५७०६५५६० | ९८५१२७२१३५ |
| ४९ | लुम्बिनी | रुपन्देही | ९८५७०७७७७७ | ०७१-५२०२०० | ९८५१२७२१४४ |
| ५० | लुम्बिनी | अर्घाखाँची | ९८५७००७७७७ | ०७७-४२०२९९ | ९८५१२७२०५७ |
| ५१ | लुम्बिनी | गुल्मी | ९८५७०१७७७७ | ०७९-५२०२३० | ९८५१२७२२८१ |
| ५२ | लुम्बिनी | पाल्पा | ९८५७०५७७७७ | ०७५-५२०५३६ | ९८५१२७२५८० |
| ५३ | लुम्बिनी | दाङ | ९८५७८०७७७७ | ०८२-५२०९५९ | ९८५१२७२०८४ |
| ५४ | लुम्बिनी | प्युठान | ९८५७८१७७७७ | ०८६-४२००३६ | ०८६-४६०४८८ |
| ५५ | लुम्बिनी | रोल्पा | ९८५७८२७७७७ | ०८६-६८००९९ | ०४९-७५७८७३ |
| ५६ | लुम्बिनी | रूकुम-पूर्व | ९८५७८६७७७७ | ९८७८९०४८१ | ०८८-४१३०९७ |
| ५७ | लुम्बिनी | बाँके | ९८५८०२७७७७ | ०८१-५२६१९१ | ९८५१२७२१३८ |
| ५८ | लुम्बिनी | बर्दिया | ९८५८०३७७७७ | ०८४-४२०१९९ | ९८५१२७२१३९ |
| ५९ | कर्णाली | रूकुम-पश्चिम | ९८५७८३७७७७ | ०८८-५३०१८७ | ९८५१२७२६४६ |
| ६० | कर्णाली | सल्यान | ९८५७८४७७७७ | ०८८-५००७० | ०८८-५२०४१५ |
| ६१ | कर्णाली | डोल्पा | ९८५८३०७७७७ | ०८७-५५००५७ | ९८५१२७२१८५ |
| ६२ | कर्णाली | हुम्ला | ९८५८३१७७७७ | ०८७-६८०१३३ | ९८५१२७२७५७ |
| ६३ | कर्णाली | जुम्ला | ९८५८३२७७७७ | ०८७-५२००१३ | ०८७-५२०५०३ |
| ६४ | कर्णाली | कालिकोट | ९८५८३३७७७७ | ०८७-४४००१३ | ०८७-४४०३१३ |
| ६५ | कर्णाली | मुगु | ९८५८३४७७७७ | ०८७-४६००९९ | ९८५१२७२७६१ |
| ६६ | कर्णाली | सुर्खेत | ९८५८००७७७७ | ०८३-५२००२२ | ९८५१२७२०८३ |
| ६७ | कर्णाली | दैलेख | ९८५८०१७७७७ | ०८९-४२०११३ | ०८९-४१०२५५ |
| ६८ | कर्णाली | जाजरकोट | ९८५८०४७७७७ | ०८९-६८०२५५ | ०८९-४३०३५१ |
| ६९ | सुदुर पश्चिम | कैलाली | ९८५८४२७७७७ | ०९१-५२११५० | ९८५१२७२१४२ |
| ७० | सुदुर पश्चिम | अछाम | ९८५८४०७७७७ | ०९८-६२०२२० | ९८५१२७२३४९ |
| ७१ | सुदुर पश्चिम | डोटी | ९८५८४३७७७७ | ०९४-४२००९९ | ९८५१२७२०८७ |
| ७२ | सुदुर पश्चिम | बझाङ | ९८५८४१७७७७ | ०९२-४२१००६ | ९८६४३२६५८२ |
| ७३ | सुदुर पश्चिम | बाजुरा | ९८५८४४७७७७ | ०९७-५५४०३१२ | ९८५१२७२७५२ |
| ७४ | सुदुर पश्चिम | कंचनपुर | ९८५८७३७७७७ | ०९९-५२११३६ | ९८५१२७२१४१ |
| ७५ | सुदुर पश्चिम | डडेलधुरा | ९८५८७१७७७७ | ०९६-४२०१७६ | ९८५१२७२५१३ |
| ७६ | सुदुर पश्चिम | बैतडी | ९८५८७०७७७७ | ०९३-४२०२५० | ९८५१२७२०८५ |
| ७७ | सुदुर पश्चिम | दार्चुला | ९८५८७२७७७७ | ९८५८७५४४५५ | ९७४१४६९००७ |

प्राविधिक सहायताः राष्ट्रिय आवास तथा बस्ती उत्थानशील समन्वय मञ्च



संरक्षकः अनिल पोखरेल सल्लाहकारः जयनारायण आचार्य सम्पादकः ध्रुव बहादुर खड्का